बुलिङटार गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बुलिङटार, नवलपरासी (बर्दघाट- सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७५/०७६
च.नं.

## नदिजन्य पदार्थको डांक बढाबढ सम्बन्धि अत्यन्त जरुरी सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति : २०७६/०३/१६

यस बुलिङटार गाउपालिकाको क्षेत्रभित्र रहेको तपशिलमा उल्लेखित स्थानहरुमा बेवारिसे अवस्थामा भेटिएको निम्न परिमाणको नदिजन्य पदार्थ गाउँ कार्यपालिकाको मिति २०७६।०२।३१ को निर्णयानुसार गोप्य शिलबन्दी डांक बढाबढको माध्यमबाट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा तपशिलमा उल्लेखित न्यूनतम अंकमा नघट्ने गरि बिक्रि गरि सो स्थानबाट हटाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्मबाट आफूले लिन चाहेको स्थानको नदिजन्य पदार्थको डांक बढाबढको तपशिल बमोजिमको फाराम दस्तुर फिर्ता नहुने गरी खरिद गरी तपसिलमा उल्लेख भएको शर्तहरुको अधिनमा रहि म्याद भित्र आफुले कबोल गरेको रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा आफूले कबुल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस गाउपालिकाको नाममा नेपाल बंगलादेश बैंक लि, बुलिङटार शाखामा रहेको ०७९००००८४१ धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर फारम साथ राखी निर्दिष्ट स्थानमा सही छाप सहित शिलबन्दी गरि पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएकोछ। डांक बढाबढ स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा बदर गर्ने सम्पूर्ण अधिकार यस गाउपालिकामा सुरक्षित रहनेछ।

डांक बढाबढको फारम बिक्री तथा दर्ता हुने अन्तिम मिति र समय क) सूचना प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र बिक्री र सो को भोलिपल्ट १२.०० सम्म दर्ता।
डांक बढाबढको फारम दर्ता गर्ने स्थान :बुलिङटार गाउपालिकाको कार्यालय, बुलिङटार।
डांक बढाबढको फारम खोलिने स्थान, मिति र समय : गाउपालिकाको कार्यालय बुलिङटार। दर्ता भएको दिनको ठीक २.०० बजे।
नदिजन्य पदार्थ रहेको स्थानको विवरण :

| आय ठेक्का नं . | स्थान | परिमाण ( क्यू. फिटमा) | न्यूनतम अंक VAT बाहेक | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| 15/NAW/BRM075/76 | कालीगण्डकी तीर | १२४७३० | ४९८९२० | रु.१००० | |
| 16/NAW/BRM075/76 | कालीगण्डकी तीरभन्दा माथि | ३९२५०० | १५७०००० | रु.२००० | |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| 17/NAW/BRM075/76 | कालीगण्डकी करिडोरको उत्तर तर्फ र दक्षिण तर्फको क्रसर उद्योग स्थल | १८१०३५० | ७२४१४०० | रु.३००० | |
| 18/NAW/BRM075/76 | सिंगुवा बगैचा | ५११८१ | २०४७२४ | रु.१००० | |

शर्त तथा वन्देजहरु :

१. डांक स्वीकृत भएको मितिले ७ सात दिनभित्र कबोल गरेको सम्पूर्ण रकम जम्मा गरि सकेपछिमात्र नदिजन्य पदार्थ हटाउने अनुमति दिईनेछ । तोकिएको मितिभित्र रकम जम्मा नगरेमा धरौटी रकम जफत गरि नियमानुसार अर्को व्यवस्था गरिनेछ ।

२. अनुमति पाएको १५ दिन भित्र नदिजन्य पदार्थ हटाई सक्नुपर्नेछ । काबु वाहिरको परिस्थिति वाहेक अन्य अवस्थामा म्याद थप गरिने छैन । आफ्नै कारणले उठाउन नसकेमा क्षतिपूर्ति दावा गर्न नपाईने र बांकी रहेको नदिजन्य पदार्थ गाउपालिकाले पुन: नियन्त्रणमा लिनेछ ।

३. नदिजन्य पदार्थ उठाउदा प्रयोग गरिने ढुवानीका साधनहरुको नम्वर गाउपालिकामा उपलव्ध गराउनु पर्नेछ । तोकिएको बाहेक अन्य साधनबाट ढुवानी गर्न पाईने छैन । मेशिन प्रयोग गरि लोड गर्न सकिनेछ तर नदिजन्य पदार्थ रहेको स्थान वाहेक अन्य स्थानमा प्रयोग गरेको पाईएमा नियमानुसार जरिवाना असुल गरि सम्झौता रद्ध गर्न सकिनेछ ।

४. नदिजन्य पदार्थ विहान ७ :०० वजे देखि साझ ६ :०० वजेको समयभित्र मात्र ढुवानी गर्नु पर्नेछ ।

५. तोकिएको परिमाण जे जस्तो अवस्थामा छ सोहि अवस्थामा स्वीकार गर्नु पर्नेछ । परिमाण नपुग भनि पछि दावा गर्न पाईने छैन । डांक स्वीकृत भए पछि सो को संरक्षण गर्ने दायित्व डांकवालाको हुनेछ ।

६. नदिजन्य पदार्थ ढुवानी गर्दा गाउपालिकावाट प्रमाणित गरिएको परिमाण उल्लेख गरिएको रसिद साथमा लिएर गर्नु पर्नेछ । आवश्यक रसिदको व्यवस्था डांकवालाले नै मिलाउनु पर्नेछ । गाउपालिकाबाट प्रमाणित नगरि ढुवानी गरेमा नियमानुसार कारवाही गरिनेछ । काम सम्पन्न भए पछि धरौटी रकम फिंर्ता गरिनेछ ।

७ नियमानुसारको मु अ कर र अग्रिम आय कर सम्बन्धित डाँकवालाले बुझाउनुपर्ने छ।

८ यसमा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम सम्झौताका बखत शर्त तथा बन्देज राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner